पत्रको अवधि एक आर्थिक वर्षसम्म मात्र कायम रहन्छ ।

» म्याद थप गराउनु भनेको इजाजतपत्र नवीकरण गराउनु हो र यसको लागि आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिनु पर्छ ।
» इजाजतपत्र नवीकरण गराउन तोकिए बमोजिमको दस्तुर दाखिला गर्नुपर्छ ।
» तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिना भित्र नवीकरण गराउनु पर्छ ।
» कुनै इजाजत पत्रवालाले चाहेमा ३ आर्थिक वर्षसम्मका लागि पनि एकैपटक नवीकरण दस्तुर तिरी नवीकरण गराउन सक्छ ।
» मदिराजन्य तथा सूर्ति जन्य बस्तु बाहेक अन्य बस्तुको खरिद बिक्रीको ईजाजत नबिकरण गर्नु पर्दैन ।

### (९) नवीकरण दस्तुर के कति लाग्ने व्यवस्था छ ?

इजाजत पत्रको म्याद समाप्त भएपछि इजाजत पत्र नवीकरण नगरी कारोवार गर्न पाईंदैन । तोकिएको अवधि अर्थात् श्रावण महिना भित्र हरेक आ.ब.को लागि नवीकरण गराईसक्नु पर्छ । श्रावण महिनामा नवीकरण नगराउने व्यक्तिले देहाय अनुसारको अवधिमा देहाय अनुसारको नवीकरण जरिवाना समेत बुझाई नवीकरण गराउन सक्छ ।

» तोकिएको अवधि (श्रावण महिना)समाप्त भएको पहिलो ३ महिना (भाद्र देखि कार्तिक मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको २५ प्रतिशत रकम ।
» त्यसपछिको ३ महिना (मार्गदेखि माघ मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको ५० प्रतिशत ।
» त्यसपछिको ३ महिना (फागुन देखि बैशाख मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको ७५ प्रतिशत
» त्यसपछि असार मसान्तसम्मको अवधिको लागि १०० प्रतिशत,
» असार महिनाको अवधि पनि समाप्त भएपछि नवीकरण गराउन चाहेमा तोकिए बमोजिमको नवीकरण वापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि १०० प्रतिशत थप रकम र वक्यौता रकम समेत बुझाउनु पर्छ ।
» इजाजतपत्र वालाले चाहेमा एकै पटक तीन आ.ब. को दस्तुर तिरी तीन बर्षको लागि नवीकरण गराउन सक्नेछ ।

### (१०) इजाजत पत्र स्थगन गर्न सक्ने व्यवस्था

अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने करदाताले त्यस्तो कारोवार गर्न छाडेमा कारोवार स्थगन गर्न पाउने कानूनी व्यवस्था अन्तःशुल्क ऐन, २०५८ को दफा ९(क) ले गरेको छ । यसको प्रक्रिया निम्नानुसार रहेको छ :

» अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने ईजाजतपत्र वाला व्यक्तिले त्यस्तो कारोवार गर्न छाडेमा सो को कारण खोली १५ दिन भित्र अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनुपर्छ ।
» यसरी निवेदन दिए पछि स्थगन गर्नुपर्ने देखिएमा ३० दिन भित्र अन्तशुल्क अधिकृतले स्थगन गरिएको जानकारी इजाजतपत्रवालालाई दिनुपर्छ ।
» स्थगन भएपछि अर्को महिनादेखि अन्तःशुल्क विवरण दाखिला गर्नु पर्दैन ।

### (११) इजाजत पत्र रद्द गर्न सक्ने व्यवस्था

आन्तरिक राजस्व विभाग वा सो अन्तगतर्का कार्यालयले देहायको अवस्थामा आफूले जारी गरेको इजाजत पत्र रद्द गर्न सक्छ :

» इजाजत पत्रमा तोकिएको शर्त तथा बन्देज उल्लंघन भएको पाइएमा,
» सार्वजनिक हित विपरित हुने देखिएमा,
» बुझाउनु पर्ने अन्तःशुल्क दस्तुर नबुझाएमा,
» इजाजत पत्रवाला संस्था विघटन भएमा,
» इजाजत पत्रवालाले आफ्नो इजाजत पत्र रद्ध गर्न निवेदन दिएमा ।

### (१२) ध्यान राख्नु पर्ने बिशेष कुराहरु

» इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार कहिल्यै नगरौं ।
» इजाजतपत्रवालाले नियमानुसार समयमै इजाजत पत्र नवीकरण गराऔं ।
» तोकिएको समय भित्रै अन्तःशुल्क विवरण दाखिला गरौं ।
» कारोवार अनुसारको दाखिला गनु पर्ने अन्तःशुल्क रकम समयमै तिर्न नबिर्सौं ।

नोट : यस सम्बन्धी थप जानकारीको लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं, आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरुका साथै कोष तथा लेखा नियन्त्रक कार्यालयमा सम्पर्क गर्न वा विभागको वेवसाईट www.ird.gov.np मा लग अन गर्न वा विभागमा सञ्चालित Call Center को टोल फ्रि नं. १६६००१४०००० मा फोन गर्न अनुरोध छ ।

अन्तःशुल्क लाग्ने वस्तु, सेवाको कारोवार गर्नु अगाडी अन्तःशुल्क ईजाजत लिन नबिर्सौं

कुनै पनि सामान खरिद बिक्री गर्दा बिल लिने दिने बानी बसालौं

१८ वर्ष नपुगेका बालबालिकाहरुलाई मदिरा तथा सुर्ति जन्य वस्तु बेचबिखन नगरौं


**आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट, काठमाडौं**
**फोन नं. ०१ ४४ १५ ८०२, ४४ १५ ८०३**
www.ird.gov.np


© IRD, Dec. 2013

जर्मन सहयोग DEUTSCHE ZUSAMMENARBEIT · giz · EMBASSY OF DENMARK DANIDA INTERNATIONAL DEVELOPMENT COOPERATION

आन्तरिक राजस्व विभाग
www.ird.gov.np

# अन्तःशुल्क इजाजत पत्र सम्बन्धि व्यवस्था
## (Excise Licensing)

### (१) अन्तःशुल्क (Excise Duty) भनेको के हो ?

अन्तः शुल्क तोकिएको वस्तु तथा सेवाको उत्पादन तथा आयातमा तिर्नु पर्ने कर हो । देशको आवश्यकता अनुसार यो खास खास वस्तुमा लगाईएको हुन्छ । यो कर उत्पादनकर्ता वा आयातकर्ताले ग्राहकबाट असुल उपर गरी सरकारलाई बुझाउनु पर्ने कर भएता पनि यस्को अन्तिम भार उपभोक्ता माथि पर्दछ । यो कर खास गरी बिलासितामा अभिबृद्धि गर्ने (Luxury Items) र मानव स्वास्थ्य एवं पर्यावरण लाई हानी गर्ने सूर्तिजन्य र मदीराजन्य बस्तु तथा सेवाको (Health and Environmental Hazards) उत्पादन, पैठारी तथा खपत कम होस भन्ने उद्देश्यले लगाईएको हुन्छ । तर बिगत केही बर्षदेखि यो कर मदिरा र सूर्तिजन्य बाहेक अन्य बस्तुहरुमा पनि लगाइएको छ । अन्तशुल्क लाग्ने बस्तुहरुको सूची सालबसाली आर्थिक ऐनले तोकेको हुन्छ ।

### (२) अन्तःशुल्क इजाजतपत्र (Licence) भनेको के हो ?

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क लाग्ने कुनै पनि वस्तु तथा सेवा सम्बन्धी कारोवार शुरु गर्नु भन्दा पहिले आन्तरिक राजस्व बिभाग वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट त्यस्तो कारोबार गर्न अनुमति लिनु पर्ने ब्यवस्था गरेको छ । यो अनुमति पत्र लाई इजाजतपत्र भनिन्छ । यसरी इजाजतपत्र लिनु भनेको नै अन्तःशुल्कमा दर्ता गर्नु पनि हो भन्ने बुझिन्छ । अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने जुनसुकै ब्यक्तिले त्यस्ता वस्तु तथा सेवाको उत्पादन, पैठारी, खरिद बिक्रि, संचय, निकासी तथा सेवा प्रदान गर्ने जस्ता कारोबार अन्तःशुल्क ईजाजतपत्र लिएर मात्र गर्नुपर्छ ।

### (३) अन्तःशुल्क दर्ता अर्थात् ईजाजतपत्र लिने सम्बन्धी ब्यवस्था

» अन्तःशुल्क ऐन, २०५८ को दफा ९ अनुसार अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन, पैठारी, बिक्री र संचय गर्दा अन्तशुल्क इजाजत लिएर मात्र गर्नु पर्छ भन्ने ब्यवस्था छ ।

अन्तशुल्क इजाजत पत्र लिनको लागि नियमालीमा तोकिए बमोजिमको दस्तुर तिर्नु पर्दछ । अन्तशुल्क इजाजत पत्र लिनको लागि नियमालीमा तोकिए बमोजिमको दस्तुर तिर्नु पर्दछ ।

» अन्तःशुल्क लगाउने वा असुल गर्ने प्रयोजनको लागि वस्तु भन्नाले चल वा अचल दुवै किसिमका सम्पत्तिहरु पर्दछन् भने सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सेवा अन्तर्गत पर्दछन् ।

» सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरु र आन्तरिक राजस्व कार्यालयहरु नभएका तोकिएको जिल्लाहरुमा कोष तथा लेखा नियन्त्रक कार्यालयले यस्तो इजाजत पत्र जारी गर्ने काम गर्दछ ।

## (४) अन्तःशुल्क इजाजत पत्र लिने प्रक्रिया (Licencing Process) के हो ?

» इजाजत पत्र लिनुभन्दा पहिले इजाजत पत्र लिने चाहने व्यक्तिले सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट स्थायी लेखा नंबर (PAN) लिनु पर्दछ । जसलाई कर दर्ता वा प्यान दर्ता पनि भनिन्छ ।

» PAN दर्ता गर्नको लागि देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्छ :

› सम्वन्धित उद्योग व्यवसाय दर्ता गर्ने निकाय जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग वा यस्तै अन्य नियामक निकाय वा सो अन्तर्गतका कार्यालयहरु वा सम्बन्धित स्थानीय निकाय (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गा.वि.स. कार्यालयहरु) मा ब्यबसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

› कारोवारको मुख्य व्यक्ति भई काम गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति फोटो ।

› मुख्य कारोवार स्थल वा प्रधान कार्यालय देखिने गरी वनाइएको नक्सा ।

› भाडाको घरमा कारोवार संचालन गर्ने भए वहाल सम्झौताको प्रतिलिपि,

› आफ्नै घर जग्गामा कारोवार गर्ने भएमा लालपुर्जाको प्रतिलिपि,

» उद्योगले स्थायी लेखा नम्वर लिईसकेपछि अन्तःशुल्क निर्देशिका २०६८ मा तोकिए बमोजिम पूर्बाधार तयार गरी र अन्यले स्थायी लेखा नम्वर लिएपछि अन्तःशुल्क ईजाजत पत्रको लागि अन्तःशुल्क ऐन, २०५८ को दफा ९(२) तथा (अन्तःशुल्क नियमावली, २०५९ को नियम ३ र ५ बमोजिम) तोकिए बमोजिम इजाजत दस्तुर दाखिला गरी अनूसुचि १ बमोजिमको निवेदन आन्तरिक राजस्व कार्यालयमा दिनुपर्छ ।

» यसरी निवेदन दिए पछि तोकिएको ढाँचामा ऐनको अनुसूची ३ (नियम ४ सँग सम्वन्धित) बमोजिमको इजाजत पत्र आन्तरिक राजस्व कार्यालयले उपलब्ध गराउँछ ।

## (५) अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्दा कसले कस्तो इजाजत पत्र लिनु पर्छ ?

| | | |
|---|---|---|
| क) | अन्तःशुल्क लाग्ने वस्तु उत्पादन (Production) गर्न | उत्पादन ईजाजत पत्र |
| ख | विदेशबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी (Import) गर्न | पैठारी ईजाजत पत्र |
| ग) | अन्तःशुल्क लाग्ने वस्तुको खरिद विक्री गर्न | खरिद विक्रीको ईजाजत पत्र |
| घ) | अन्तःशुल्क लाग्ने वस्तुको संचय (Store) गर्न | सञ्चय गर्ने ईजाजत पत्र |
| ङ) | अन्तःशुल्क लाग्ने वस्तुको निकासी (Export) गर्न | निकासी ईजाजत पत्र |
| च) | अन्तःशुल्क लाग्ने सेवा (Service) प्रदान गर्नु | सेवा प्रदान गर्ने ईजाजत पत्र |

## (६) इजाजत पत्र दस्तुर

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर दाखिला गरी लिएको इजाजतपत्र एक आर्थिक बर्ष सम्म मात्र बहाल रहन्छ । हरेक आ.ब.को लागि अन्तशुल्क इजाजतपत्रको नबिकरण उक्त आ.ब. को श्रावण महिनाभित्र गरि सक्नु पर्दछ । अन्यथा तोकिएको इजाजत दस्तुरको अतिरिक्त तोकिएको जरिवाना दाखिला गरी इजाजत पत्र लिन सकिन्छ । त्यस पछि इजाजतपत्र नबिकरण गराउनु पर्दछ । अन्तशुल्क नियमाबली २०५९ को अनूसुचि २ बमोजिम निम्न बस्तहरुको उत्पादन इजाजत पत्र लिन निम्नानुसारको दस्तर लाग्ने ब्यबस्था छ ।

आ.ब. ०७१।७२ को आर्थिक ऐन अनुसार उक्त आ.ब.को लागि अन्तशुल्क इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ : अनुसूची २ (नियम ३ र ५ संग सम्बन्धित) :

१ मदिरा, इथानोल र चुरोट उत्पादन तर्फ इजाजत दस्तुर

| सि नं. | विवरण | दर रु. |
|---|---|---|
| १ | **मदिरा, इथानोल र चुरोट उत्पादन तर्फ** | |
| क) | स्प्रीट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,६०,०००।- |
| ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,६०,०००।- |
| ग) | इथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,६०,०००।- |
| घ) | वाईन, व्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| ड.) | अन्य मदिरा उत्पादनका लागि | रु. १,६०,०००।- |
| च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. २,००,०००।- |

(२) मदिरा बिक्री बितरण इजाजथ लिनको लागि तिर्नुपर्ने इजाजत दस्तुर

| सि नं. | विवरण | दर रु. |
|---|---|---|
| २) | **मदिरा बिक्री बितरण तर्फ** | |
| क | होटल, रेष्टुरेन्ट तथा लजहरुको लागि | |
| १ | पाँचतारे होटलले | रु.५०,०००।- |
| २ | चारतारे होटलले | रु.४०,०००।- |
| ३ | तीनतारे होटलले | रु.३०,०००।- |
| ४ | दुईतारे होटलले | रु.२०,०००।- |
| ५ | एकतारे होटलले | रु.१०,०००।- |
| ६ | स्वदेशी तथा विदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेन्ट तथा रिर्सोटले | रु.७,०००।- |
| ७ | स्वदेशी मदिरा वोतल खोली विक्री गर्ने साधारण होटल, रेष्टुरेन्ट र बार तथा लजले | रु. ३,५००।- |
| ८ | मदिरा बितरकले | रु.३०,०००।- |
| ९ | थोक बिक्रेताले | रु.२०,०००।- |
| १० | स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा बिक्रेताले | रु.१०,०००।- |
| ११ | महानगरपालिका, उप महानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरा मात्र विक्री गर्ने खुद्रा बिक्रेताले | रु.७,०००।- |
| १२ | महानगरपालिका, उप महानगरपालिका र नगरपालिका बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेताले | रु.३,०००।- |
| १३ | डिपार्टमेण्टल स्टोर | रु.२०,०००।- |
| १४ | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ताले | रु.४०,०००।- |
| १५ | मदिरा निकासीकर्ताले | रु.५,०००।- |

सूर्तिजन्य पदार्थको बिक्री बितरणकालागि इजाजत दस्तुर

| सि नं. | विवरण | दर रु. |
|---|---|---|
| ३ | चुरोट, सिगार, सूर्ति, खैनी, पानमसला र अन्य वस्तुहरु पैठारी, निकासी तथा खरिद, बिक्री र उत्पादन तर्फ : | |
| क | बिदेशी चुरोट र सिगार | रु.४०,०००।- |
| ख | सूर्ति तथा सूर्तिजन्य वस्तु (विदेशी खैनी, जर्दा, नश तथा पानमसला आदि) पैठारी गर्नेको लागि | रु.४०,०००।- |
| ग | पानमसला, चुरोट, खैनी, जर्दा, नश, सूर्ति तथा सूर्तिजन्य वस्तु थोक विक्री | रु.६,०००।- |
| घ | पानमसला, खैनी, जर्दा, नश, सूर्ति तथा सूर्तिजन्य वस्तु (चुरोट बाहेक) उत्पादन गर्नेको लागि | रु.४०,०००।- |
| ड. | चुरोट, खैनी, जर्दा, नश, सूर्ति तथा पानमसला खुद्रा खरिद विक्री गर्नेको लागि | रु.१,५००।- |
| च | विदेशी खुदो र गुंड पैठारी गर्नेको लागि | रु.१५,०००।- |
| छ | खुदो, गुंड र स्प्रिट खरिद विक्री-निकासी समेत) गर्नेको लागि | रु.५,०००।- |
| ज | स्टोन क्रसर (गिटटी रोडा उत्पादन वा निकासी गर्ने उद्योग) | रु.१,५०,०००।- |
| झ | नेपाल बाहिर चुरोट र अन्य सूर्तिजन्य वस्तुहरुको निकासीकर्ता | रु.५,०००।- |
| ञ | माथी खण्ड(क) देखी (झ) सम्म उल्लेख नभएका तर स्वदेशमा उत्पादन गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि | रु.१०,०००।- |
| ट | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर(गुड), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाए बमोजिमका उद्योगको लागि: | |
| | (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (१० हर्स पावर सम्मको) | रु.२०,०००।- |
| | (२) होरीजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (१० हर्स पावर भन्दा बढीको) | रु.४०,०००।- |
| ४ | माथी दफा १, २ र ३ मा उल्लेख भएका बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूंजीको आधारमा प्रत्येक १ लाख रुपैया स्थिर पूंजी भएको प्रतिष्ठानलाई ५० रुपैयाका दरले उत्पादन ईजाजतपत्र दस्तुर लाग्ने छ । यस्तो ईजाजतपत्र दस्तुर न्युनतम ७ हजार रुपैया भन्दा कम र अधिकतम ४० हजार रुपैया भन्दा बढी हुने छैन । | प्रति लाख रु. ५०। र न्युनतम रु. ७०००। तथा अधिकतम रु. ४०,०००। |

द्रष्टब्य :

१. यस अनुसूची बमोजिमको यस्तो दस्तुर दुर्गम क्षेत्रका फलफुलमा आधारित वाईन एवं मदिरा उद्योगको हकमा ७५% ले कम लाग्ने छ ।

२. स्टोन क्रसर उद्योगले प्रकरण ३ को खण्ड(ज) बमोजिम बुझाउनु पर्ने रकम मध्ये २०% ईजाजतपत्र लिंदा, ४०% माघ मसान्त सम्म र बांकी रकम बैशाख मसान्त सम्म बुझाउने गरी किस्ता कायम गरिएको छ ।

३. मूल्य अभिबृद्धि करमा दर्ता भएका स्टोन क्रसर उद्योगहरुले ईजाजतपत्र दस्तुर तिर्नु पर्ने छैन ।
तर यस्ता स्टोन क्रसर उद्योगहरुले एक आर्थिक वर्षकालागि बुझाउनु पर्ने ईजाजतपत्र दस्तुर भन्दा कम मूल्य अभिबृद्धि कर असूल गरी आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरेको अवस्थामा त्यस्तो कम भएको रकम ईजाजतपत्र दस्तुर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्नेछ र सो अवधि भित्र दाखिला नगरेमा सो मा ऐन बमोजिम बिलम्ब दस्तुर लाग्ने छ ।

## (८) इजाजत पत्रको म्याद सम्वन्धी व्यवस्था

» अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्नकोलागि दिएको इजाजत